लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), दाङ, नेपाल

## औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, राप्ती उपत्यका(देउखुरी), दाङ, नेपालको आ.व. २०८०/८१को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) द्वारा संचालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रममा शैक्षिक सत्र २०८०/०८१ मा भर्नाका लागि यस प्रदेश अन्तर्गत देहायका आंगिक, साझेदार तथा टेक्स (TECS) सामुदायिक विद्यालयहरूमा तपसिल बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा प्रशिक्षार्थी छनौट गरी निःशुल्क प्रशिक्षण प्रदान गरिने सम्बन्धी प्राविधिक तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०८० भाद्र १३ गते सूचना प्रकाशित भइसकेको हुनाले सोहि अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित शिक्षालय एवं सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

तपसिलः

१ . औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रम सञ्चालन हुने शिक्षण संस्थाहरू, शैक्षिक कार्यक्रम तथा कोटाको विवरणः

| क्र.सं. | शिक्षालयको नाम | शिक्षालयको ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | भेरी प्राविधिक शिक्षालय | नेपालगंज उ.म.न.पा, बाँके | Pre-diploma in Electrical Engineering | २० |
| | | | Pre-diploma in Mechanical Engineering | २० |
| २. | माध्यमिक विद्यालय तुलसीपुर सेन्टर | तुलसीपुर उ.म.न.पा, दाङ | Pre-diploma in Information Technology | २० |
| | | | Pre-diploma in Electrical Engineering | २० |
| ३. | सरस्वती माध्यमिक विद्यालय | घोरही उ.म.न.पा, दाङ | Pre-diploma in Information Technology | २० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation ) ECDF) | २० |
| ४. | श्री माध्यामिक विद्यालय रझेना | घोरही उ.म.न.पा, दाङ | Pre-diploma in Civil Engineering )Building Construction( | २५ |
| ५. | राप्ती प्राविधिक शिक्षालय | राप्ती गा. पा. गढवा, दाङ | Pre-diploma in Civil Engineering )Building Construction( | २० |
| ६ . | पब्लिक माध्यमिक विद्यालय | सियारी गापा.,रुपन्देही | Pre-diploma in Early Childhood Development Facilitation ) ECDF) | २० |
| ७. | श्री शान्ति नमुना माध्यमिक विद्यालय | तिलोत्तमा नपा.,रुपन्देही | Pre-diploma in Mechanical Engineering | २५ |
| | | | Pre-diploma in Hotel Management | ४० |
| ८. | कोरिया नेपाल बहु-प्राविधिक शिक्षालय, | बुटबल उ.म.न.पा,रुपन्देही | Pre-diploma in Electrical Engineering | २० |
| | | | Pre-diploma in Mechanical Engineering | २५ |
| ९. | महाकवि देवकोटा माध्यमिक विद्यालय | सुनवल नपा., नवलपरासी | Pre-diploma in Automobile Engineering | २५ |
| १०. | नेपाल राष्ट्रिय नमूना माध्यमिक | मधुवन नपा., | Pre-diploma in Civil Engineering )Building Construction( | २० |

| | | | | |
|---|---|---|---|---|
| ९. | महाकवि देवकोटा माध्यमिक विद्यालय | सुनवल नपा., नवलपरासी | Pre-diploma in Automobile Engineering | २५ |
| १०. | नेपाल राष्ट्रिय नमूना माध्यमिक विद्यालय | मधुवन नपा., बर्दिया | Pre-diploma in Civil Engineering )Building Construction( | २० |
| | | | Pre-diploma in Electrical Engineering | २० |
| ११. | श्री सिद्धरत्ननाथ माध्यमिक विद्यालय | घोरही उ.म.न.पा, दाङ | Pre-diploma in Early Childhood Development Facilitation ) ECDF) | २० |
| १२. | जनता माध्यमिक विद्यालय | तिलोत्तमा नपा.,रुपन्देही | Pre-diploma in Civil Engineering )Building Construction( | २० |
| १३. | श्री पूर्ण हिरा माध्यमिक विद्यालय | बाँसगढी नपा.,बर्दिया | Pre-diploma in Automobile Engineering | २० |
| १४. | दुधधारी नमूना माध्यमिक विद्यालय | विजयनगर नपा., कपिलवस्तु | Pre-diploma in Civil Engineering )Building Construction( | २० |
| १५. | तुलसीपुर बहुप्राविधिक शिक्षालय | तुलसीपुर उ.म.न.पा, दाङ | Pre-diploma in Mechanical Engineering | २० |

२. न्युनतम शैक्षिक योग्यता: एस.एल.सी उतीर्ण वा एस.ई.ईमा न्युनतम ई ग्रेड प्राप्त,

३. उमेर तथा सक्षमता: कम्तीमा १६ वर्ष उमेर पुरा भएका र सम्बन्धित तालिम/प्रशिक्षणको लागि मानसिक तथा शारीरिक रुपमा सक्षम नेपाली नागरिक हुनु पर्ने,

४ . आवेदन फाराम बुझाउने अन्तिम मिति: २०८० असोज २ गते,

५. लिखित प्रवेश परिक्षा संचालन हुने मिति र समय: २०८० असोज ६ गते,शनिवार, बिहान ११ बजे ।

६. लिखित प्रवेश परिक्षा संचालन हुने स्थान: सम्बन्धित शिक्षण संस्थाहरु

७. अन्तरवार्ता हुने मिति र समय: २०८० असोज ६ गते,शनिवार, दिउँसो १ बजे देखि ।

८. अन्तरवार्ता हुने संचालन हुने केन्द्रहरु : सम्बन्धित शिक्षण संस्थाहरु

९. औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) ले पाउने सुविधा: (क) नि:शुल्क अध्ययनको अवसर (ख) यातायात खर्च वापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रु. १००/- का दरले उपलब्ध हुने ।

औद्योगिक प्रशिक्षार्थी तालीम(Apprenticeship) कार्यक्रममा भर्ना हुन चाहने प्रशिक्षार्थीहरुले कार्यक्रम सञ्चालन गर्ने प्राविधिक तथा व्यावसायिक तालीम परिषद् द्वारा अनुमति प्राप्त लुम्बिनी प्रदेश अन्तर्गतका सम्बन्धित शिक्षण संस्थाहरूमा सम्पर्क गर्न हुन अनुरोध छ । विस्तृत जानकारीका लागि प्राविधिक तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०८० भाद्र १३ गते प्रकाशित औद्योगिक प्रशिक्षार्थी तालीम(Apprenticeship) कार्यक्रममा नि:शुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचना www.ctevtexam.org.np वा https://www.enssure.org.np मार्फत हेर्न सकिने छ ।